स्थानीय...

संस्थाको सम्पत्ति फुकुवा गरिएको छ, भनेर निर्णय गर्नुपर्छ ।'

यही विषयमा नागार्जुन नगरपालिकाकी उपमेयर सुशीला अधिकारीले यो कुरा निकै अगाडि भएको र तत्कालीन मेयरसँग जोडिएको बताइन् । 'विनाकारण अरूको सम्पत्ति रोक्का गर्न हुँदैन भनेर मैले पनि भनेको हुँ, तर त्यतिबेला मेयरसापले कुन आधारमा सम्पत्ति रोक्का गर्नुभयो, मैले बुझिनँ', उनी भन्छिन् ।

पछिल्लो समय भने आफूले पनि राजु कँडेलसँग भएको भेटमा सम्पत्ति रोक्का फुकुवा गरीपाऊँ भनेर कानुनी प्रक्रियामार्फत एउटा आधार तयार गरेर आउन र त्यही आधारमा निर्णय गरेर रोक्का सम्पत्ति फुकुवा गरिदिने सुझाव दिएको उनले बताइन् । सम्पत्ति फुकुवाकै लागि कार्यापालिका बैठक बस्ने कुरा थियो, तर यहाँ धेरै राजनीति भयो, बैठक बस्नै सकेन उपमेयर अधिकारी भन्छिन् । अहिले पनि कँडेलले रोक्का सम्पत्ति फुकुवा गर्ने कानुनी आधार गरेको खण्डमा आफूले रोक्का सम्पत्ति फुकुवा गरिदिने पनि उनले प्रस्ट पारिन् ।

सोही विषयमा नगरपालिकाका प्रवक्ता महेश रिमालले भने जगत गुरू कृपालु प्रतिष्ठान नेपाल र पद्मा मर्चेन्ट कम्पनी प्रालि तथा राजुप्रसाद कँडेलले परियोजनाको नाममा रहेको विभिन्न सम्पत्ति रोक्का रहेको स्वीकार गरे ।

'अहिले यो सम्पत्ति फुकुवा गर्ने भन्ने कुरा छ, केही समयअघि कार्यपालिकाको बैठक बस्ने र त्यही बैठकले फुकुवा गर्ने भन्ने कुरा थियो तर उक्त बैठक बस्न सकेन', उनी भन्छन्, 'तर अब छिटै नै बैठक बसेर जगत गुरू कृपालु प्रतिष्ठान नेपाल र पद्मा मर्चेन्ट कम्पनी प्रालि तथा राजुप्रसाद कँडेलले परियोजनाको नाममा विभिन्न वडाहरूमा रहेको सम्पत्ति फुकुवा गर्ने कुरा छ', प्रवक्ता रिमाल भन्छन् ।

करिब..

परियोजनाका अधिकारीहरूका अनुसार नहर संरचनाका लागि अधिग्रहण गर्नुपर्ने चार सय ४० हेक्टरमध्ये हालसम्म केवल एक ७७ हेक्टर जमिन अधिग्रहण गरिएको छ । पछिल्लो समय पश्चिम मूल नहरको मुख्य डुडुवा शाखाको लागत अनुमान सम्पन्न भई ठेक्का आह्वान गरी काम अघि बढाइएको छ । लुम्बिनी प्रदेश बाँके जिल्ला, राप्ती सोनारी गा.पा.को अगैयास्थित राप्ती नदीमा ब्यारेज ३१७ मि. निर्माण गरी सोही जिल्लाका हालका छवटा गा.पा., कोहलपुर न.पा. र नेपालगंज उपमहानगरपालिकाअन्तर्गतको ४२ हजार सात सय ६६ हेक्टर भूमिमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य लिएको थियो । नेपाल सरकारको आफ्नै स्रोतबाट आव २०६२।६३ देखि सुरू गरिएको यो आयोजनाको पश्चिम मूल नहरबाट वांके जिल्लाको राप्ति नदीको पश्चिम भेगको ३३ हजार सात सय ६६ हेक्टर जमिन र पूर्वी मूल नहरले राप्ती नदीको पूर्वी भेगको करिब नौ हजार हेक्टर मा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ ।

सर्वप्रथम सिक्टा सिँचाइ आयोजनाको अवधारणा प्रस्तावित पश्चिम राप्ति बहुउद्देश्य आयोजनाको लागि भएको पूर्वसम्भाव्यता अध्ययन (सन् १९७५ देखि सन् १९७६) प्रतिवेदनमा उल्लेख भएको हो । सिक्टा सिँचाइ आयोजनाको पूर्वसम्भाव्यता अध्ययन यूएनडीपी र एसियाली विकास बैंकको सहयोगमा जर्मन परार्मश दातृ फर्मबाट विसं २०३२मा भयो भने यस आयोजनाको सम्भाव्यता अध्ययनको प्रतिवेदन सोही संस्थाबाट विसं २०३६मा गरिएको थियो । यस अध्ययनबाट आयोजना सम्भाव्य देखिएकोले विसं २०३६मा आयोजना कार्यान्वयन गर्न एसियाली विकास बैंकसंग आर्थिक सहायताका लागि अनुरोध गरिएकोमा भारतीय पक्षको सहमती प्राप्त गर्न नसक्दा एसियाली विकास बैंकले आर्थिक सहायता उपलब्ध गराउन असमर्थता प्रकट गरेकाले यस आयोजनाको कार्यान्वयन अघि बढ्न सकेको थिएन ।

यस आयोजनाको पुनः सम्भाव्यता अध्ययन विसं २०४०मा तत्कालीन सिँचाइ वातावरण तथा मौसम विभागअन्तर्गत क्षेत्रीय सिँचाइ निर्देशनालयबाट भयो भने युरोपेली युनियनको आर्थिक सहयोगमा यस आयोजनाको सम्भाव्यता अध्ययन अन्तिम पटक विसं २०५९मा गरियो । युरोपेली इन्जिनियरको सहभागितामा सम्पन्न यस अध्ययनबाट यो आयोजना प्राविधिक एवं आर्थिक पक्षबाट सम्भाव्य देखिएकाले आयोजना कार्यान्वयनमा लैजान सिफारिस गरियो । सम्भाव्यता अध्ययनअनुसार यस आयोजनाको कुल लागत त्यस समयमा सात अर्ब ४५ करोड अनुमान गरिएको थियो । योजनाको कार्यान्वयन अवधि सात वर्ष समेत राखिएको थियो ।

चैत १...

पद्धति विकासको आधारस्तम्भका रूपमा लिइएको छ ।'

यस गणनाका आधारमा देशको कुल गार्हस्थ्य उत्पादनका अनुमानहरु सुदृढीकरण गर्ने, राष्ट्रिय लेखाका आधार वर्ष परिवर्तन गर्न आवश्यक तथ्यांक उत्पादन गर्ने र सरकारले तय गर्ने नीतिनिर्माण र योजना तर्जुमा गर्न तथा नीतिमार्फत लिएका लक्ष्यहरूको मापनमा सहयोग गर्ने अन्य उद्देश्य रहेका छन् ।

सरकारले २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरेको थियो । उक्त तथ्यांकमा देशैभर नौ लाख २३ हजार तीन सय ५६ प्रतिष्ठानरव्यवसायहरु गणना गरिएका र ती प्रतिष्ठानहरूमा जम्मा ३२ लाख २८ हजार चार सय ५७ मानिसहरु संलग्न रहेका पाइएको थियो । साथै प्रतिष्ठान/व्यवसायहरूमा करिब ३० प्रतिशत महिला व्यवस्थापक रहेका विवरणहरु सार्वजनिक भएका थिए भने उक्त गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानहरूको संख्या बराबरीजस्तो रहेको देखाएको थियो ।

देशको अर्थतन्त्रको आकार तय गर्ने प्रयोजनका लागि समग्र आर्थिक क्रियाकलापहरूलाई अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार २१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदान मापन हुँदै आएको छ । यस राष्ट्रिय आर्थिक गणनामा ती २१ वटा वर्गीकरणमध्ये विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण संकलन गरिनेछ ।

गणनामा देशैभर रहेका दर्ता भएका र नभएका ठूला वा साना व्यापारी प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार मात्रै भएका, उद्योग, कलकारखाना, व्यापार-व्यवसाय, गैरसरकारी संघसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल आदि आर्थिक क्रियाकलाप गरिरहेका एकाइमा गणना सञ्चालन गरिनेछ ।

यद्यपि अन्तर्राष्ट्रिय संघसंस्था, कूटनीतिक नियोग, प्रशासनिक क्रियाकलाप र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय, सुरक्षा निकायहरु, सामान्य घरायसी क्रियाकलाप गरिने कार्य र क्षेत्र भने यो गणनामा समेटिने छैन ।

कार्यालयका प्रवक्ता तथा उपप्रमुख तथ्यांक अधिकारी ढुण्डिराज लामिछानेले आर्थिक गणनामा २०८२को फागुनसम्म गणनाको पूर्वतयारीका सम्पूर्ण कार्यहरु सम्पन्न गरी चैत १, २०८२ देखि देशैभरका ७७ जिल्ला र सात थप गरी ८४ वटा जिल्ला आर्थिक गणना कार्यालयहरु स्थापना गरिने बताए ।

यसका साथै २०८३को असार मसान्तसम्ममा सबै कार्यालयहरु बन्द गरिनेछ । गणनाका लागि मुख्य प्रश्नावली, अधिकृत पुस्तिका, गणना पुस्तिकालगायतका गणना सामग्री निर्माणको कार्यलाई सञ्चालन गरिएको छ ।

विसं २०८२ फागुन मसान्तसम्म केन्द्रस्तरमा जनशक्ति व्यवस्थापनका कार्यहरु गरिनेछ भने जिल्लामा रहने जिल्ला आर्थिक गणना कार्यालयमा स्थायी कर्मचारी र स्थलगत कार्यका लागि करारमा सुपरिवेक्षक तथा गणक खटाउने व्यवस्था गरिएको छ । आगामी चैत ३० गतेसम्म विभिन्न चरणमा गरी मुख्य प्रशिक्षक तालिम, अधिकृत तालिम र सुपरिवेक्षक तथा गणक कर्मचारीको तालिम सम्पन्न गरिनेछ । यसलगत्तै तथ्यांक संकलनका लागि २०८३ वैशाख २ देखि असार ७ गतेसम्म तालिम प्राप्त गणक तथा सुपरिवेक्षकहरु स्थलगतरूपमा खटिनेछन् ।

२०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरिएको थियो । जसअनुसार देशैभर नौ लाख २३ हजार तीन सय ५६ प्रतिष्ठान/व्यवसायहरु गणना गरिएका र ती प्रतिष्ठानहरूमा जम्मा ३२ लाख २८ हजार चार सय ५७ व्यक्तिहरु संलग्न रहेका पाइएको थियो । प्रतिष्ठान/व्यवसायहरूमा करिब ३० प्रतिशत (२९.६%) महिला व्यवस्थापक रहेका विवरणहरु सार्वजनिक भएका थिए । उक्त गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानहरूको संख्या बराबरीजस्तो रहेको देखाएको थियो ।

राष्ट्रपति...

नेपाली युवाको उज्ज्वल भविष्य निर्माण हुने आधारसमेत सुदृढ बन्दै गएको छ ।'

उनले खेल क्षेत्रमा आवश्यक संरचना, अवसर र सम्भावनाहरु क्रमशः विकास हुँदै जानु नेपालका लागि सकारात्मक संकेत भएको धारणा राखे । राष्ट्रपति पौडेलले नेपालमा विश्वकप ट्रफी ल्याई नेपाली क्रिकेट र जनताको उत्साह एवं आत्मविश्वास अभिवृद्धि गर्ने काम गरिएकामा अन्तर्राष्ट्रिय क्रिकेट परिषद्प्रति धन्यवाद व्यक्त गरे । उनले नेपालमा आयोजना हुन गइरहेको महिला विश्व कप छनौट प्रतियोगिता तथा भारत र श्रीलंकामा आयोजना हुन गइरहेको टी-२० विश्वकपमा सहभागी हुने महिला तथा पुरूष राष्ट्रिय क्रिकेट टोलीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना व्यक्त गरे ।

ओलीमाथिको...

सिलसिलामा अनुसन्धानको दायरामा रहेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई विदेश भ्रमणमा रोक लगाउने र आयोगको स्वीकृति बेगर काठमाडौँ उपत्यका छाड्न नपाउने व्यवस्था गर्न असोज १२ गतेको बैठकबाट निर्णय गरिएको थियो', आयोगको निर्णयमा भनिएको छ, 'ती घटनाका सम्बन्धमा प्रधानमन्त्रीको हैसियतले उहाँले गरेका काम कारबाही सम्बन्धमा यस आयोगबाट उहाँसँग सोधपुछलगायत बुझ्ने कार्य सम्पन्न भइसकेकाले उहाँको विदेश भ्रमण र उपत्यका छाड्न नपाउने निर्णयको औचित्य समाप्त भएकाले फुकुवा गरिएको छ ।'

बयान पूरा गरेपछि अन्यसरह ओलीको हदबन्दी फुकुवा गरिएको हो । यसअघि आयोगले पूर्वगृहमन्त्री रमेश लेखकसहित अन्यको बयान लिइसकेको छ ।

दुवै...

सकिनेछ भने छनौट भइसकेपछि मात्रै सशस्त्र प्रहरी र नेपाल प्रहरीले आआफ्नो कोटाअनुसार टोली लैजानेछन् । तालिम भने दुवै प्रहरीले छुट्टाछुट्टै दिनेछन् ।

छनौट भएका निर्वाचन प्रहरीलाई १० दिन तालिम दिने र एक महिना निर्वाचनमा खटाउने स्वीकृत मापदण्डमा उल्लेख छ । नेपाल प्रहरीमा भर्ना हुने जनशक्ति नेपाल प्रहरीसँगै र सशस्त्र प्रहरीले भर्ना गर्ने जनशक्ति सशस्त्र प्रहरीसँगै खटिनेछन् । उनीहरूको सेवासुविधा प्रहरीका जवानसरह हुनेछ । बीमासँगै पोसाक र रासन भत्ता पनि पाउनेछन् । निर्वाचन प्रहरीमा पूर्वसुरक्षाकर्मी र यसअघिका निर्वाचनमा खटिएका (म्यादी)ले विशेष प्राथमिकता पाउनेछन् । अधिकांश मापदण्ड यसअघिकै जस्तो छ ।

सच्याईएको सम्बन्धमा

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित गरिएको धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी मिति २०८२/०९/२१ मा "आर्थिक" राष्ट्रिय दैनिक पत्रिकाको ७ दिने सुचना मुताबिक धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरणमा निम्न उल्लेखित विवरण पनि हुनुपर्नेमा छुट्न गएको हुदाँ अन्य विवरण यथावत रहने गरी उक्त विवरण थप गरी सच्याइएको व्यहोरा जानकारी गराईन्छ ।

१. संचिता लुईटेलको नाममा बारा जिल्ला मालपोत कार्यालय सिमारा, बारामा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ४१९(०-३-२-० बिगाहा) र कि.नं. १५०५(०-१-५-० बिगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

नोट : बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सिमारा/सम्बन्धीत मालपोत नजिकको शाखा

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

जयदिन बोहोराको छोरा, डोल्पा जिल्ला, त्रिपुरासुन्दरी न.पा. वडा नं. ३, जिउँ बस्ने कन्यो बोहोरा (ना.प्र.नं. २-३२३/२७, जि.प्र.का. डोल्पा) ले यस बैंकको डोल्पा शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला कन्यो बोहोराको मिति २०८२/०२/१६ मा निधन भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकको बुहारी उर्मिला बोहोरा ले मिति २०८२/०८/०५ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, डोल्पा

ग्लोबल आइएमई बैंक लि.
निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको कमलादी शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका रेस्मीराज भट्टराईको मिति २०८२/०७/०५ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती दुर्गा भट्टराईबाट मिति २०८२/०९/११ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदावी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
कमलादी शाखा
फोन नं. ०१-४१४५४१
ग्लोबल कनेक्ट : ०१-५९७०६००

ग्लोबल आइएमई बैंक लि.
निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको टाँडी शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका जंग बहादुर सार्कीको मिति २०८२/०७/२२ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती पार्वती सार्कीबाट मिति २०८२/०९/१७ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदावी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
टाँडी शाखा
फोन नं. ०५६-५६२७७९
ग्लोबल कनेक्ट : ०१-५९७०६००

सर्टिफिकेट हराएको सूचना

मिति २०८२/०९/०९ गते बानेश्वर बाट पाटन ढोकासम्म जाँदा मेरो निम्न बेहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएकाले पाउनुहुने माहानुभावले तलको ठेगाना वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ।

नाम : सलोन भट्टराई
ठेगाना : बानेश्वर, काठमाडौं
रजिष्ट्रेशन नं: ७८७७१०४४०४५२
सिम्बोल नं: २७१०८४७९
सम्पर्क : ९७६७४१८०३०

नाम परिबर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/०९/२२

यस **हलेसी बिल्डर्स एण्ड सप्लायर्स कम्पनी** (प्रा.) **लि.** (कम्पनी दर्ता नं.३५३००६/०८१/८२) को मिति २०८२/०९/०९ को वार्षिक साधारण सभाबाट कम्पनीको नाम परिबर्तन गर्ने विशेष प्रस्ताव बमोजिम नयाँ नाम "**हलेसी बिल्डर्स कम्पनी प्रा. लि.** (Halesi Builders Company Pvt. Ltd.)" कायम गर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२।०९।१४ मा स्वीकृति प्रदान गरिएको बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस कम्पनीको साविक नाममा रहेको सम्पूर्ण अधिकार, चल-अचल श्रीसम्पत्ति, तथा तिर्नु-बेहोर्नुपर्ने कर, दायित्व आदि परिबर्तित नयाँ नामको कम्पनीले सकार्ने बेहोर्ने भएको हुँदा यस कम्पनीसँग सरोकार राख्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२२

यस कम्पनीको मिति २०८२/०९/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **डुक आन्ह ओभरसिज स्टडी एड्भाइजरी प्रा.लि.(प्रा.लि.नं.३७८४०८)** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/२० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एमेट एजुकेशन एण्ड माईग्रेसन प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

नाम परिवर्तन सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशन मितिः २२ पुष २०८२)

जया प्यालेटस तथा केमिकल प्रा. लि., कम्पनी दर्ता नम्बरः६७५८४ को मिति २०८२/०९/०३ मा बसेको साधारण सभा र विशेष साधारण सभा को निर्णय बमोजिम कम्पनीको साविक नाम **जया प्यालेटस तथा केमिकल प्रा. लि.** को नाम परिवर्तन भई अब उपरान्त **विजय श्री शक्ति प्रा. लि.** कायम हुने गरी भएको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय बाट कम्पनी को प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

विजय श्री शक्ति प्रा. लि.
(दर्ता नम्बरः ६७५८४, प्यान नम्बरः ३०४५५४६१४)
कृष्णनगर नगरपालिका-४, कपिलवस्तु

Road Division Baglung
Notice for Price Bid Opening

Date of publication: 2082/09/22 (6th January 2026)

Road Division Baglung hereby notifies and publishes this notice to all concerned bidders regarding our bid of **following Contracts** for the purpose of ITB 25.7 and Rule 31 E (5) of PPR 2064 that the evaluation of technical proposals for the single-stage double-envelope contract is completed, and the financial proposal of technically successful bidders listed below will be opened on **13th January 2026 (2082/09/29), 13:00** at Road Division Baglung.

Contract Nos.	Name and Address of the Contractor
RDBLG/337310113/082/83-17 (Re)	M/S Bamti-RS J.V., Baglung
RDBLG/337310113/082/83-18 (Re)	M/S NB-Barun J.V., Rupandehi

Division Chief

Bheerkot Municipality
Bayarghari, Syangja
Invitation for Electronic Bids

Date of publication:2082/09/22

1. Bheerkot Municipality, Bayarghari, Syangja invites electronic bids from Nepalese eligible bidders for the procurement of Works & goods mentioned in table below under national competitive bidding procedures.

Contract ID	Name of Project	Total Estimate Cost(Including VAT and PS)	Cost of Bid Document (NRs.)	Bid Security amount (NRs.)	Last Date Of Bid Submission
BM/RTWA/ NCB/08/082-83	River Training Work in Aandhikhola River	55,79,568.64	3000.00	1,40,000.00	2082/10/23
BM/PLD / SQ/05/082-83	Procurement of Laptop and Desktop for Bheerkot Municipality		1000	35,000.00	2082/10/08

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Bheerkot Municipality Bayarghari, Syangja*** ph no. ***063-400106*** or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

Naukunda Rural Municipality
Saramthali, Rasuwa
Invitation for Electronic Bids

Date of publication: 2082/09/22

1. The Naukunda Rural Municiality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the given below list under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office of Naukunda Rural Municipality Saramthali, Rasuwa or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost (as given below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank, Naukunda Branch, Rasuwa
   Name of the Office: Naukunda Rural Municipality, Saramthali, Rasuwa
   Office Account No. : 26204010000001 (Ga.1.1 Aantarik Rajaswo Khata Naukunda.)
   Revenue Head No. : 14229
4. Sealed or electronic bids must be submitted to the office Naukunda Rural Municipality, Saramthali, Rasuwa through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 pm on 01-04-2026.Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 01-04-2026 at the office of Naukunda Rural Municipality, Saramthali, Rasuwa. Bids must be valid for a period as stated below after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of amount given below which shall be valid for 30 days beyond the validity period of the bid.

Contract Identification No.	Description of Works	Estimated Amount (Without VAT)	Bid Security Amount	Bid Document Fee
NRM/NCB/ Works/05/082/82	Upgrading Of Famchet Gaupalika Larchyangtar Road at Naukunda -3	NRs. 1,74,19,291.12	NRs. 440,000.00,	NRs. 3,000